जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक २३४    २०७८ साल बैशाख ८ गते बुधबार (21 Apr. 2021 Wednesday)    मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति वेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर वन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेसमा क्रियाशील ... ३ पृष्ठमा : संक्रमण रोक्न आदेशपालना ... ३ पृष्ठमा : जापानले पाँच मिनेटमै ...

# सप्तरीबाट बैदेशिक रोजगारीमा गएका २८ जनाले ज्यान गुमाए




**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

चालु आर्थिक वर्ष २०७७/७८ को हालसम्मको अवधीमा सप्तरीबाट बैदेशिक रोजगारीका लागि विभिन्न मुलुक गएका मध्येबाट २८ जनाको ज्यान गएको छ ।

सप्तरी समुदायिक विकास केन्द्र नेपालले मंगलबार पत्रकार महासंघको सभाकक्षमा आयोजना गरेको सुरक्षित बैदेशिक रोजगारीका लागि पत्रकारसँग अन्तरक्रिया तथा नवनिर्वाचित पदाधिकारीहरुको सम्मान कार्यक्रममा तथ्याङ्क प्रस्तुत गर्दै सो जानकारी दिएको हो ।

जिल्लामा सुरक्षित आप्रवासन परियोजना (सामी) अन्तरगत बैदेशिक रोजगारीलाई सुरक्षित बनाउन भइरहेको प्रयास र समग्र अवस्था समेटिएको प्रतिवेदन सार्वजनिक गर्दै सुरक्षित आप्रवासन परियोजना कार्यक्रमका संयोजक राजेन्द्र यादवले विभिन्न घटना र दुर्घटनामा परि उनीहरुको ज्यान गएको जानकारी दिए । जसमध्ये ७ जनाले आत्महत्या, ४ जनाको कोरोना र ४ जनाको सवारी दुर्घटनामा तथा बाँकी अन्यको विभिन्न घटनामा मृत्यु भएको हो जनाइएको छ ।

यस्तै आर्थिक वर्ष २०६५/०६६ देखी हालसम्म १२ वर्षे अवधीमा जिल्लाबाट रोजगारीका लागि ४ सय ५३ महिला र १ लाख १४ हजार ४६ पुरुष विभिन्न मुलुक गएको उनले बताए ।

यस्तै चालु आ.ब. २०७७/७८ मा बैदेशिक रोजगारीमा जाने १ सय २३ जनालाई सीप र ३७ हजार २ सय ३६ जनालाई परामर्शका साथै एजेन्ट र विभिन्न म्यानपावर कम्पनीबाट ठगिएका दर्जनौं व्यक्तिलाई गरि १४ करोड रुँपैया क्षतिपूर्ति दिलाउन सफल भएको उनको भनाई छ ।

तथ्याङ्क प्रस्तुतीकरण अघि संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले नेपाल पत्रकार महासंघ सप्तरी शाखाका नवनिर्वाचित अध्यक्ष श्रवणकुमार देवलगायत अन्य पदाधिकारी तथा प्रदेश २ का मिडिया काउन्सीलका अध्यक्ष शिवहरिप्रसाद भट्टराई र प्रदेश २ कै आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवललाई सम्मान गरेका थिए ।

सम्मान कार्यक्रमपश्चात् आयोजित कार्यक्रममा बैदेशिक रोजगारीलाई सुरक्षित बनाउन आफूहरुले पनि सक्दो सहयोग गर्ने संचारकर्मीहरुले प्रतिबद्धता व्यक्त गरेका छन् ।

पत्रकार महासंघ सप्तरीका नवनिर्वाचित अध्यक्ष श्रवण देवले सीप हासिल नगरेर बैदेशिक रोजगारीमा नजान आग्रह गर्दै संचारकर्मीहरु पनि सरोकारवालासँग काँधमा काँध मिलाएर जनचेताका साथै सचेतना कार्यक्रममा सहयोग गर्ने प्रतिबद्धता जनाए ।

प्रदेश २ मिडिया काउन्सीलका अध्यक्ष शिवहरी भट्टराइले बैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाउन कार्यरत संस्थासँग संचारकर्मीहरु मिलेर काम गर्ने प्रतिबद्धता जनाए ।

प्रदेश २ आमसंचार प्रतिष्ठानका अध्यक्ष श्यामसुन्दर यादवले स्वदेशमै रोजगारी प्रदान गर्ने वातावरण मिलाउनु पर्नेमा जोड दिँदै विदेश जानै पर्ने भए सही सूचना र सीप सिकेर जानु पर्ने बताए । यसका लागि संचेतना फैलाउने काममा संचारकर्मीहरुले पनि सहयोग गर्ने उनको प्रतिबद्धता थियो ।

संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीको अध्यक्षता तथा सामी हेल्भेटासका कार्यक्रम अधिकृत रामप्रमेश मण्डलले प्रमुख अतिथ्यमा आयोजित कार्यक्रममा पत्रकार महासंघका सचिव रामनारायण विश्वास लगायतले पनि बोल्दै बैदेशिक रोजगारीलाई सुरक्षित र भरपर्दो बनाउन आ-आफ्नो स्तरबाट सक्रिय भूमिका निवाह गर्ने प्रतिबद्धता जनाएका थिए ।

संस्थाले सुरक्षित बैदेशिक रोजगारका लागि जिल्लाको राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, शम्भुनाथ नगरपालिका र राजगढ गाउँपालिकामा गरि चार स्थानिय तहमा सुरक्षित आप्रवसन परियोजना (सामी) संचालन गरि सीप, परामर्श र सचेतना लगायतको कार्यक्रम संचालन गर्दै आएको छ ।

## आज सार्वजनिक बिदा

जनकपुरधाम, ७ वैशाख (रासस) ।

प्रदेश नं २ सरकारले मर्यादा पुरूषोत्तम भगवान् रामको जन्मोत्सवका अवसरमा आज सार्वजनिक बिदा दिएको छ ।

मुख्यमन्त्री लालबाबु राउतद्वारा जारी प्रेस विज्ञप्तिमा प्रदेशवासीलाई रामनवमीको शुभकामना साथ आज सार्वजनिक बिदा दिइएको उल्लेख छ ।

विज्ञप्तिमा कोरोना महामारीको विषम परिस्थितिमा स्वास्थ्यको मापदण्ड अपनाएर सरकारी निर्देशनको पालनतर्फ ध्यानाकर्षण गराइएको छ ।

## सशस्त्र प्रहरीद्वारा इटाभट्टाले लुकाई राखेको ९ वटा भारतीय टेम्पो नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

भन्सार छलेर अवैध रुपमा ल्याएर लुकाई राखेको ९ वटा भारतीय टेम्पो सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ स्थित जय मातादी र बाँबाधाम धर्मराज इटा उद्योगले लुकाई राखेको ९ वटा भारतीय टेम्पो सोमबार राती सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका मध्ये ३ वटा टेम्पोमा भारतीय नम्बर प्लेट भएपनि अन्य ६ वटा बिना नं. प्लेटकै भएको र गाडीको कुनै कागजात समेत नभएको सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

बिशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीका प्रहरी नायब उपरिक्षक श्यामणि ढकालको नेतृत्वमा खटेको मोवाइल गस्ती टोलीले ती इटा उद्योगहरुमा लुकाई राखेको अवस्था उक्त टेम्पोहरु बरामद गरेको उनले बताए ।

बरामद टेम्पोको न्युनतम ५४ लाख रुँपैया मुल्याङ्कन गरि भन्सार बुझाइएको समेत उनले जानकारी दिए । ती टेम्पोहरु आवश्यक प्रक्रिया पुरा गरि मंगलबार तिलाठीस्थित राजविराज भन्सार कार्यालयलाई बुझाइएको छ ।



## सम्पादकीय ....

### महामारीका बेला बालबालिकाप्रति ध्यान दिऔं

मुलुकभर अहिले कोरोना महामारीका कारण त्रासपूर्ण अवस्था सृजना भएको छ । अहिलेको महामारीमा सबैभन्दा बढी बालबालिकाहरु प्रभावित भइरहेको देखिएको छ । कोरोना महामारीका कारण सबै जना त्रासमा रहेको बेला बालबालिकाहरुप्रति बढी ध्यान दिनु आवश्यक रहेको छ । एक त बालबालिका गत वर्षदेखी नै कोरोनाका कारण शिक्षाबाट बञ्चित रहेको थिए भने अहिले उनीहरुलाई कोरोना महामारीबाट बचाउन सतर्कता अपनाउनु जरुरी छ । उनीहरुलाई घर भित्रै सुरक्षित राख्नु पर्ने बाध्यता आएको छ ।

यसरी घर भित्र रहने बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत हुनु आवश्यक छ । पढाई नभएको समयमा उनीहरुलाई विभिन्न माध्यमबाट शिक्षा दिर्नेतर्फ अग्रसर हुनु त्यतिकै आवश्यक छ । अर्कोतर्फ लागूऔषधतर्फ आकर्षित त भइरहेका छैनन् भन्ने कुराप्रति सचेत हुनु त्यतिकै जरुरी छ । घरमा रहेको बेला बालबालिकाहरु पनि लुकीछिपी लागूऔषध प्रयोग गरिरहेका छन् भन्ने कुरामा अभिभावकहरुले निकै ध्यान दिनुपर्छ ।

तसर्थ अभिभावकहरु विद्यालय नखुलेको अवस्थामा आफ्ना बालबालिकाहरुलाई यस्ता कुलतबाट जोगाउन ध्यान दिनुका साथै कोरोनाबाट बचाउन समेत उच्च सतर्कता अपनाउनु अहिलेको आवश्यकता रहेकोले अभिभावक त्यस प्रति गम्भिर हुनु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कांग्रेसमा क्रियाशील सदस्यताको म्याद पुनः थपियो

काठमाडौँ, ७ वैशाख (रासस) ।

नेपाली कांग्रेसले आसन्न १४औं महाधिवेशनको सन्दर्भमा पार्टीको क्रियाशील सदस्यताको विवरण केन्द्रमा बुझाउने समयावधि पुनःथप गरेको छ । जिल्ला कार्यसमितिले नयाँ क्रियाशील सदस्यता र नवीकरण सूचीको विवरण केन्द्रमा पठाउने अवधि पटकपटक थप्दै आएको कांग्रेसमा सो अवधि यही वैशाख १५ गतेसम्म निर्धारण गरेको छ ।

कांग्रेसको सोमवार बसेको केन्द्रीय कार्यसमितिको बैठकले क्रियाशील सदस्यता नवीकरण र नयाँ क्रियाशील सदस्यताको 'इन्ट्री' वैशाख १५ गतेभित्र गरी सक्नुपर्ने अन्तिम मिति निर्धारण गरेको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । वैशाख १५ गते राति १२:०० बजे कम्प्युटर सफ्टवेयरमा क्रियाशील सदस्यताको 'व्यपी इन्ट्री' हुने 'सिस्टम' स्वतःबन्द गरिने बैठकले निर्णय गरेकाले यस अवधिलाई अन्तिम मानिएको छ ।

यस अघि सो कार्यतालिकाअनुसार जिल्लाले नयाँ क्रियाशील सदस्यता र नवीकरणको सूची केन्द्रमा पठाउने अवधि गत चैत ३० गतेसम्म तोकिएको थियो ।

क्रियाशील सदस्यता नवीकरण र वितरणसम्बन्धी जिल्लाको प्रतिवेदन भने वैशाख १७ गते साँझ बजेभित्र पार्टी केन्द्रीय कार्यालयमा बुझाई सक्नुपर्ने बैठकले निर्णय गरेको छ । सफ्टवेयरमा 'इन्ट्री' भएका क्रियाशील सदस्यता नामावली सरोकारवालाको जानकारीका लागि केन्द्रीय क्रियाशील सदस्यता छानबिन समितिले पार्टीको वेबसाइटमा सार्वजनिक गर्ने व्यवस्था गरिने पार्टी कार्यालयले जनाएको छ ।

त्यस्तै अन्य राजनीतिक दलबाट कांग्रेसमा प्रवेश गरेका सदस्यको क्रियाशील सदस्यता फारम यही वैशाख १५ गतेभित्र केन्द्रीय कार्यालयले जिल्लालाई उपलब्ध गराउने, त्यस्ता फाराम सबै प्रक्रिया पुरा गरी जिल्ला कार्यसमितिले वैशाख मसान्तभित्र केन्द्रमा पुऱ्याइसक्नुपर्ने र त्यसको कम्प्युटर 'इन्ट्री' क्रियाशील सदस्यता छानबिन समितिले नै केन्द्रमा गर्ने गरी व्यवस्था गरिएको पार्टी कार्यालयले जनाएको छ ।

सिन्धुपाल्चोक र सप्तरीमा हालसम्म क्रियाशील सदस्यताको प्रक्रिया शुरु नभएको एवं बारा र सोलुखुम्बुमा केही समयअघि मात्रै प्रक्रिया शुरु भएको हुनाले ती जिल्लाका हकमा वैशाख मसान्तभित्र जिल्लाबाट केन्द्रको सफ्टवेयरमा इन्ट्री गरिसक्नुपर्ने बैठकको निर्णय छ । मंगलबार विहानसम्म नयाँ र नवीरकण गरी छ लाख १० हजार १३४ क्रियाशील सदस्यता पार्टीको वेभसाइटमा अपलोड भएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रकाश शर्माले जानकारी दिनुभयो । यसमा नयाँ दुई लाख ८९ हजार २२१ र नविकरण तीन लाख २० हजार ९१३ क्रियाशील सदस्यता रहेका छन् । विदेशस्थित पार्टीका जनसम्पर्क समितिका क्रियाशील सदस्यता विवरण भने यसमा समावेश छैन् ।

कांग्रेसले १३औं महाधिवेशनमा करिब चार लाख ९० हजार क्रियाशील सदस्यता रहेकामा आसन्न १४औं महाधिवेशनसम्म सो संख्याको शतप्रतिशत थप्न पाउने व्यवस्था गरेको छ । कांग्रेसले क्रियाशील सदस्यताको विवरणलाई व्यवस्थित बनाउन सबै जिल्ला कार्य समितिलाई पार्टीको वेबसाइटमा अपलोड गर्ने व्यवस्था गरेको छ । कांग्रेसको नियमावली बमोजिम क्रियाशील सदस्यता नवीकरण शुल्क रु २०० छ भने नयाँ क्रियाशील सदस्यता आवेदन शुल्क रु ३०० रहेको छ ।

कांग्रेसले १४औं महाधिवेशनका लागि पार्टीको गाउँ/नगर वडा अधिवेशन आगामी असार २० गते, गाउँ/नगरपालिका अधिवेशन असार २२ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असार २५ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार २७ गते तोकेको छ ।

यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार ३० गते, प्रदेश अधिवेशन आगामी आगामी साउन ६ गते र केन्द्रीय महाधिवेशन आगामी भदौ ७ देखि १० गतेसम्म काठमाडौं गर्ने तालिका निर्धारण गरेको छ ।

# थप एक हजार ७३६ मा कोरोना भाइरस संक्रमण पुष्टि

काठमाडौं, ७ वैशाख (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप एक हजार ७३६ मा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय आठ हजार ७३८ जनाको स्वास्थ्य परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो । यसमा आठ हजार ५५ को पिसिआर र ६८३ को एन्टीजेन परीक्षण गर्दा क्रमशः एक हजार ६६९ र ६९ जनामा संक्रमण पुष्टि भएको हो ।

मंगलबारसम्म नेपालमा कोरोना भाइरस संक्रमितको संख्या दुई लाख ८७ हजार ५६७ पुगेको छ । त्यस्तै पछिल्लो समय थप २५१ निको भएका छन् । योसँगै निको हुनेको संख्या दुई लाख ७५ हजार ८०६ रहेको छ । निको हुने दर भने ९५ दशमलव नौ प्रतिशत रहेको छ ।

अहिले देशभर आठ हजार ६५९ सक्रिय संक्रमित छन् । उनीहरुमध्ये ९२ क्वारेन्टिनमा रहेका छन् । अन्य आइसोलेसनमा रहेका छन् । हालसम्म नेपालमा २३ लाख ६० हजार ५५७ को पिसिआर परीक्षण भएको छ । दचरु त्यस्तै पछिल्लो २४ घण्टामा रिपोर्ट प्राप्त भएको मृत्यु संख्या ११ रहेको छ भने पछिल्लो १२ घण्टामा तीन जनाको मृत्यु भएको छ । हालसम्म तीन हजार १०२ ले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।

पछिल्लो समय संक्रमण भएकामा १९३ बालबालिका रहेका छन् । यसमा ना वर्षसम्म उमेर समूहका ४३ र १० देखि १९ वर्ष समूहका १५० जना रहेको जनाएको छ ।

# गायक तथा सामाजिक अभियानकर्मी सदाको निधन

लहान, ७ वैशाख (रासस) ।

गायक तथा सामाजिक अभियानकर्मी गुरुशरण सदाको निधन भएको छ । सिरहाको गोलबजार नगरपालिका-६ का ३३ वर्षीय सदाको सोमबार साँझ निधन भएको हो ।

*बाँकी तीन पृष्ठमा*


लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

आधार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# संक्रमण रोक्न आदेश पालना गर्न मन्त्री त्रिपाठीको आग्रह

काठमाडौं, ७ वैशाख (रासस)।

स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयेश त्रिपाठीले सरकारले कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि जारी गरेको आदेश पालना गर्न आग्रह गर्नुभएको छ।

मंगलबार मन्त्रालयमा आयोजित भर्चुअल पत्रकार सम्मेलनमा उहाँले सबैलाई आदेश पालना गरी सरकारले कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न चालेको कदममा सहयोग गर्न आग्रह गर्नुभएको हो।

मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि संक्रमक रोग ऐन २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी ३० बुँदे आदेश जारी गरेको थियो। मन्त्री त्रिपाठीले कोरोना भाइरसले हुने ठूलो चुनौती रोक्न आदेश जारी गरिएकाले त्यसको सबैले पालना गर्नुपर्ने बताउनुभयो।

उहाँले आदेश पालना गरे मात्र कोभिड-१९ भाइरसलाई पराजित गर्न सकिने भन्दै आदेश पालनामा कतै कमजोरी देखिए त्यसले मुलुक ठूलो दुष्चक्रमा फस्नेसमेत चेतावनी दिनुभयो। "सबैलाई म आग्रह गर्नु चाहन्छु कि सरकारले जारी गरेको जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गर्नुहोस", उहाँले भन्नुभयो, "आदेश पालना नगरे कठोर कदम उठाउन सरकार बाध्य हुनेछ।" मन्त्री त्रिपाठीले कोभिड-१९ को संक्रमणलाई हल्कारुपमा नलिन र हल्का ढङ्गले लिए सङ्क्रमण अझ बढ्न गई स्थिति गम्भीर बन्नेसमेत बताउनुभयो।

उहाँले जनताको जीवन जोगाउनका लागि नै सरकारले आदेश जारी गरेको बताउनुभयो। उहाँले सरकारको बन्दाबन्दी गर्ने कुनै चाहना नभएको पनि उल्लेख गर्नुभयो। "बन्दाबन्दीले हाम्रो जीवनलाई कस्तो असर गर्‍यो भन्ने कुरा हामीले विगतको अभ्यासबाट थाहा पाएका छौं। हामी भरसक बन्दाबन्दी गर्ने पक्षमा छैनौं", उहाँले भन्नुभयो।

सो अवसरमा मन्त्रालयका सचिव लक्ष्मण अर्यालले पाँच हप्तादेखि सङ्क्रमण बढेकाले स्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गर्नुभयो। उहाँले संक्रमणको नयाँ स्वरुप देखिएकाले सचेत रहनु पर्नेमा जोड दिनुभयो। मंगलबार मुलुकभर एक हजार ७३६ संक्रमित फेला परेका छन्।

# एमालेका ३२ सांसदलाई स्पष्टीकरण

काठमाडौं, ७ वैशाख (रासस)।

नेकपा (एमाले)ले पार्टीका नेता माधवकुमार नेपालसहित ३२ सांसदलाई स्पष्टीकरण सोधेको छ। पार्टीको मंगलबार बसेको केन्द्रीय महाधिवेशन आयोजक कमिटीले पार्टी गतिविधि र संसदीय दलको अनुशासन उल्लङ्घन गरेको आरोपमा २७ सङ्घीय सांसद र कर्णाली प्रदेशका पाँच प्रदेशसभा सदस्यलाई स्पष्टीकरण सोधेको हो।

सबैलाई एमालेको विधान २०४९ (संशोधन २०७१) र राजनीतिक दलसम्बन्धी ऐन २०७३ मा भएको व्यवस्थानुसार स्पष्टीकरण सोधिएको एमाले कार्यालय सचिव ईश्वरी रिजालले जानकारी दिनुभयो। पार्टी अध्यक्ष तथा (एमाले) संसदीय दलका नेता केपी शर्मा ओलीले सोध्नुभएको स्पष्टीकरणको पत्र मंगलबारै ती नेतालाई पठाइएको छ। उहाँका अनुसार दुई दिनभित्र स्पष्टीकरणको जवाफ पेश गर्न निर्देशन दिइएको छ।

उहाँहरु सबैलाई एमालेको विधान २०४९ (संशोधन २०७१) को धारा ४९ (क) (१) देखि (७) र (१२) र (१४) मा भएका व्यवस्थाविपरीत अनुशासन उल्लङ्घन गरेकाले विधानको धारा ४९ (ख) (ग) धारा ५० बमोजिम र राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा १(ग) बमोजिम कारवाही किन नगर्ने भनेर स्पष्टीकरण सोधिएको छ। उहाँका अनुसार स्पष्टीकरण सोधिनेमा पूर्वप्रधानमन्त्री नेपाल र झलनाथ खनालसहित भीमबहादुर रावल, सुरेन्द्रप्रसाद पाण्डे, घनश्याम भुसाल, योगेशकुमार भट्टराई, प्रकाश ज्वाला, झपट रावल, मेटमणि चौधरी, रामकुमारी झाँक्रीलगायत रहनुभएको छ। यसअघि पार्टीले नेता नेपालसहित, रावल, भुसाल र पाण्डेलाई छ महीनाका लागि पार्टीबाट निलम्बन गरेको थियो।

# बिरामीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि अस्पतालको सेवा बन्द

लहान, ७ वैशाख (रासस)।

उपचाररत एक महिलामा कोरोना सङ्क्रमण देखिएपछि सिरहा जिल्ला अस्पतालको आकस्मिकबाहेक सबै सेवा बन्द गरिएको छ।

अस्पतालमा उपचारका लागि गत आइतबार भर्ना भएकी एक महिलामा जाँचपछि कोरोना सङ्क्रमण पुष्टि भएपछि अस्पतालको आकस्मिकबाहेकका सेवा बन्द गरिएको हो।

सङ्क्रमणपछि उक्त महिलाको सम्पर्कमा आएका अस्पतालका स्वास्थ्यकर्मी तथा चिकित्सकसमेत रहेकाले तत्काललाई अस्पताल शिल गरी आकस्मिक सेवा मात्र सञ्चालन गरिएको अस्पतालका मेसु डा नागेन्द्रप्रसाद यादवले जानकारी दिनुभयो। अस्पतालको आकस्मिक कक्षबाहेक सबै कक्षमा ताल्चा लगाइएको छ। अस्पतालमा रोग निवारक औषधि छर्केपछि पुनः सञ्चालनमा ल्याइने मेसु डा यादवले बताउनुभयो। हाल सिरहामा एक महिलासहित सात जना सक्रिय कोरोना सङ्क्रमित रहेको बताइएको छ।

### *गायक तथा ...*

लामो समयदेखि सामाजिक तथा सङ्गीत क्षेत्रमा क्रियाशील सदाको मृत्यु भएको छ। पछिल्लो तीन/चार दिनदेखि बान्ता हुने, उच्च ज्वरो आउने र पेट दुख्ने समस्याले पीडित सदाको मृत्यु भएको मृतकका जेठान अरुण सदाले जानकारी दिनुभयो।

अचानक बेहोस भएका उहाँलाई श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि गोलबजारस्थित भूमिजा हस्पिटलमा ल्याएका थिए। त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि धरान लाने क्रममा लहान पुग्दानपुग्दै उहाँको बाटोमै मृत्यु भएको परिवारजनले जनाएका छन्। उहाँ सेभ द चिल्ड्रन नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको काठमाडौं कार्यालयमा बसेर काम गर्दै आउनुभएको थियो।

केही दिनअघि मात्र आमाको वार्षिक श्राद्धका लागि घर आउनुभएका सदा जातीय सुधारका लागि सवरी सङ्कल्प नामक संस्थाको माध्यमबाट सामाजिक काममा सक्रिय हुनुहुन्थ्यो। उहाँसँगै उहाँकी श्रीमती शान्ति सदा पनि सङ्गीत क्षेत्रमा सक्रिय रहनुभएको थियो। सदा दम्पतीका दर्जन बढी मैथली तथा नेपाली गीतको लेखन, गायन र आफैंले अभिनय गरेको म्युजिक भिडियोसमेत सार्वजनिक भइसकेको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### जापानले पाँच मिनेटमै कोभिडको सङ्क्रमण परीक्षण गर्ने प्रविधि पत्ता लगायो

टोकियो, ७ वैशाख (रासस/सिन्ह्वा)।

जापानले पाँच मिनेटमा नै कोभिड-१९ को सङ्क्रमण भए नभएको बारेमा थाहा पाउने प्रविधि पत्ता लगाएको जनाएको छ।

जापानको रिकेन रिसर्च इन्स्टिच्युट र युनिभर्सिटी अफ टोकियोले गरेको अनुसन्धानबाट सो प्रविधि पत्ता लगाइएको बताइएको हो।

यहाँका राष्ट्रिय सञ्चारमाध्यमले मङ्गलबार यो समाचार सार्वजनिक गरेका छन्। हाल जापानमा पनि पिसिआर टेस्ट नै प्रचलनमा छ।

यो प्रविधिबाट हाल कोभिड-१९ को भाइरस पत्ता लगाउनका लागि कम्तीमा पनि एक घन्टा समय लाग्ने गरेको छ। अब भने कुनै पनि व्यक्तिको स्याम्पल लिएको पाँच मिनेट भित्रैमा उसको शरीरमा कोभिड-१९ पोजेटिभ भए नभएको पत्ता लाग्ने छ।

यो प्रविधिले अब यहाँ कोरोनाको सङ्क्रमणको परीक्षण गर्न र समयमै यो पत्ता लगाउनका लागि ठूलो सहयोग पुग्ने कुरा विज्ञले जनाएका जापानको राष्ट्रिय टेलिभिजन संस्था एन एच केले जनाएको छ।

उक्त इन्स्टिच्युटका एकजना वैज्ञानिक रिकेन वातानावेले यो प्रविधिबाट परीक्षण गर्नका लागि कुनै पनि जटिल प्रक्रिया नभएको र सामान्यरुपमा र थोरै उपकरणको सहायताबाट नै पत्ता लाग्ने जानकारी दिनुभयो।

### भारतमा कोरोना सङ्क्रमित संख्या एक करोड ५३ लाख नाघ्यो

नयाँ दिल्ली, ७ वैशाख (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड ५३ लाख नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जनाएको छ।

सो मन्त्रालयले मङ्गलबार दिएको जानकारीअनुसार कोरोना शुरु भएयता भारतमा हालसम्म एक करोड ५३ लाख २१ हजार ८९ जना कोरोना सङ्क्रमित भएका छन्।

भारतमा कोरोनाभाइरसबाट एकै दिनमा दुई लाख ५९ हजार १७० सङ्क्रमित भएका छन्। त्यसैगरी सोही अवधिमा भारतमा एक हजार ७६१ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको मङ्गलबार जनाइएको छ। पछिल्लो विवरणसँगै भारतमा कोरोनाभाइरसबाट कुल मृतकको सङ्ख्या एक लाख ८० हजार ५३० पुगेको देखिएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने २० लाख ३१ हजारभन्दा बढी पुगेको अधिकारीले जानकारी दिएका छन्। योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या एक करोड ३१ लाख आठ हजार ५८२ पुगेको छ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १२ करोड ७० भन्दा लाख व्यक्तिले खोप लगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिने रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सीन र स्पुट्नीक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुट्नीक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्।

भारतमा सोमबार मात्रै १५ लाख १९ हजार ४८६ जनाको कोरोना परिक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ। अप्रिल २० सम्म कुल २६ करोड ९४ लाखभन्दा बढीले कोरोना परीक्षण गरिएको पनि परिषद्ले उल्लेख गरेको छ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यको रुपमा रहेको छ। दिल्लीमा आइतबार एकै दिनमा २५ हजार ५०० जना कोरोना भाइरस सङ्क्रमित भएका १६१ जनाको मृत्यु भएको थियो।

### तालिबानको जेलबाट २८ सर्वसाधारण मुक्त

काबुल, ७ वैशाख (रासस/सिन्ह्वा)।

अफगान सेनाले अफगानिस्तानको दक्षिणी प्रान्त हेल्मान्डमा सोमबार राति शुरु गरेको एक विशेष अभियानमा छ जना सशस्त्र आतङ्ककारी मारिएका छन्। सोही अभियानको क्रममा २८ जना व्यक्तिलाई तालिबानको जेलबाट मुक्त गरिएको सेनाले मङ्गलबार पुष्टि गरेको छ।

अफगानिस्तान नेसनल आर्मीका कमाण्डोले हेल्मान्ड प्रान्तको मुसा काला जिल्लाको वरपरका इलाकामा आतङ्ककारीलक्षित कारबाही गरेका थिए।

सेनाले प्रकाशन गरेको विज्ञप्तिकाअनुसार मुक्त भएर सेनाका शिविरमा लगिएका ती व्यक्तिका मेडिकल चेकअप भएको थियो।

तालिवान विद्रोही प्रायःगाउँ र राजमार्गबाट सर्वसाधारण र सुरक्षाकर्मीलाई अपहरण गर्ने गरेका छन्। अपहरण परेका ती सर्वासाधारण र सुरक्षाकर्मीलाई तालिबानले जासूसी गरेको आरोप लगाउँदै सजाय दिने गरेका छन्। तालिबानी आतङ्कवादी समूहले सर्वासाधारण मुक्ति र सशस्त्र हतियारधारी मारिएका विषयमा कुनै प्रतिक्रिया दिइसकेको छैन।

# नेकपा माओबादी केन्द्र सप्तरीको जनसंगठन बिस्तार तथा सुदृढीकरण अभियान शुरु

**दैनिक समाचारदाता**
**राजविराज, ७ बैशाख ।**

नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) सप्तरीले जिल्लाको महादेवा गाउँपालीको ढिकलीबाट जनसंगठन बिस्तार तथा सुदृढीकरण अभियान मंगलबारदेखी शुरु गरेको छ ।



नेकपा (माओबादी केन्द्र) का केन्द्रीय कमिटी सदस्य तथा जिल्ला पार्टी अध्यक्ष अशोक मण्डलले जनसंगठन बिस्तार तथा सुदृढीकरण अभियानको शुरुवात गरेका हुन् ।

महादेवा गाउँपालिको आयोजनामा गाउँपालिका स्तरीय कार्यकर्ता भेला बसन्त मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश २ का पार्टी कमिटी सदस्य महेशप्रसाद यादव, छेदि रजक, अरुण साह, जिल्ला पार्टी कमिटी सदस्यहरु दिपेन्द्र माझी, भुलाइ राम, लक्ष्मी चौधरी, कृष्णदेव मण्डल, पत्रकार देवराम यादव लगायतको उपस्थिति रहेको थियो ।

अभियान अर्न्तगत मनोज यदवको अध्यक्षतामा ५१ सदस्यीय गाउँ समिति, गोबिन्द सरदारको संयोजकत्वमा तथा भागवत साहको सहसंयोजकत्वमा २५ सदस्यीय किसानको गाउँ समिति, फुलो सदाको संयोजकत्वमा २५ सदस्यीय महिला गाउँ समिति, ईन्द्र मण्डलको संयोजकत्व तथा राधेश्याम यादवको सहसंयोजकत्वमा २५ सदस्यीय विद्यार्थी, गाउँकमिटी, बेजु कामतको संयोजकत्वमा २५ सदस्यीय युवा गाउँकमिटी, रामदत्त मण्डलको संयोजकत्व तथा झबर सरदारको सहसंयोजकत्वमा २५ सदस्यीय मजदुर गाउँ कमिटी गठन गरी जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरिएको जनाइएको छ ।

# सङ्क्रमितको उपचारका क्रममा मृत्यु

पर्सा, ७ वैशाख (रासस) ।

कोरोना सङ्क्रमणकै कारण पर्सामा मंगलबार फेरि एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ । भारतबाट केही दिन अगाडि नेपाल फर्किएका वीरगञ्ज महानगरपालिका-१४ बहुवरी निवासी ५७ वर्षीय पुरुषको वीरगञ्जको नारायणी बयोधा अस्पतालमा मंगलबार बिहान १२ः४५ बजे उपचारका क्रमम मृत्यु भएको हो ।

भारतबाट फर्किएलगत्तै बिरामी भएका पुरुषलाई उपचारका लागि चैत २९ गते अस्पताल भर्ना गरिएको र सोही दिन उनको आरडिटी पिसिआर रिपोर्ट पोजेटिभ आएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले जानकारी दिनुभयो । उहाँले श्वाप्रश्वासमा समस्या, उच्च ज्वरो र कडा निमोनियाबाट मृतक ग्रस्त रहेको बताउनुभयो ।

बितेको एक साताभित्र पर्सामा चार पुरुष र एक महिला सङ्क्रमितको उपचारका क्रममा मृत्यु भएको छ । यससँगै पर्सामा सङ्क्रमणकै कारण मृत्यु भएको सङ्ख्या ५८ पुगेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

# भावपूर्ण श्रद्धाञ्जली



हाम्रा परम् आत्मीय, अत्यन्तै मिलनसार राष्ट्रभक्ति भाव भएका, संगीत एवं साहित्य प्रेमी तथा बहु प्रतिभाशाली, सामाजिक विकास अभियन्ता, इमान्दार, कर्मठ युवा **श्री गुरु शरण सदा**ज्युको असामयिक स्वर्गारोहणले हामी अत्यन्तै स्तब्ध र मर्माहत भएका छौं ।

असीम पीडाको यस दुःखद घडीमा स्वर्गीय आत्माप्रति चिरशान्तिको कमाना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै देहमुक्त आत्माको सापुज्य मुक्ति एवं बैकुण्ठवासको कामना गर्दै शोकसंतप्त परिवारजन, बन्धुवान्धव सम्पूर्णमा छिन्नमस्ता माताले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी **भावपूर्ण समवेदना** प्रकट गर्दछौं ।

सेभ द सप्तरी परिवार, राजविराज ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*